श्री

**उच्च अदालत जनकपुर**

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री खेम राज भट्ट

फैसला

निर्णय नं.-३९६

मुद्दा नं.-०८०-DP-०००९

रजिष्ट्रेशन नः-३६-०७६-०१३६१

**मुद्दाः- मिलापत्र बदर**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा वस्ने स्व.पवन कुमार यादवको नावालिक छोरी ईशा यादव..........................................१

ऐ वस्ने स्व.पवन कुमार यादवको नावालक छोरा आयुष पवन यादव ..........१

को संरक्षिका भई आफ्नो हकमा समेत ऐवस्ने स्व. पवन कुमार यादवको श्रीमती रेनु कुमारी देवी.......................................................................१

ऐ वस्ने स्व.पवन कुमार यादवको छोरी सुष्मिता यादव..........................१

पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा वस्ने मानेश्वर यादवको श्रीमती कारी देवी.......................................................१

ऐ बस्ने मानेश्वर यादवको छोरा पवन कुमार यादव..............................१

ऐ बस्ने मानेश्वर यादवको छोरा राजेन्द्र कुमार यादव...........................१

प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री चित्रबहादुर गुरुङ्ग |
| शुरु फैसला मिति | २०८०।०२।२४ |
| शुरू मुद्दा नम्बर | ०७६-**CP**-१०२३ |
| पुनरावेदन दर्ता मिति | २०८०।०४।१० |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः

**तथ्य खण्डः**

१. **मिति -२०७६।८।९ को फिरादपत्र;-** मुल पुरुष मानेश्वर यादव र निजको पत्नी कारी देवीबाट १ छोरी सोना देवी र २ छोराहरु पवन कुमार यादव र राजेन्द्र कुमार यादवको जायजन्म भएको हो। मानेश्वर यादवको मृत्यु भई सकेको छ। सोना देवीको पहिला नै बिबाह भई सकेको छ। पवन कुमार यादवसँग म वादी रेनु कुमारी देवीको बिबाह भई हाम्रो दाम्पत्य जीवनबाट २ छोरीहरु सुस्मिता यादव र ईशा यादव, १ छोरा आयुष पवन यादवको जन्म भएको छ। हामी वादी प्रतिवादीहरु बिच अंशबण्डा भएको छैन, सगोलमा नै बस्दै आएका छौं। हामी वादीलाई प्रतिवादीहरुले ईज्जत अनुसार खान लाउन नदिई कुटपिट गरी घरबाट निकाला गरेकोले आफन्तको शरणमा बस्दै आएका छौं। तसर्थ, मुलुकी देवानी सँहिता २०७४ को दफा २०६,२०९ र २११ बमोजिम तायदाती फाँटवारी माग गरी सम्पुर्ण सम्पतिबाट पति पिताको ३ भागको १ भाग लगाई उक्त १ भागबाट ५ भागको ४ भाग हामी वादीहरुको अंश भाग कायम गरी दर्ता गरी पाउँ।

२. **मिति -२०७७।६।२७ को सम्पत्तिको फाँटवारी लिने आदेश;-** वादी र प्रतिवादी विच फिरादपत्र परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ। उक्त मितिसम्मको चल अचल सबै सम्पत्ति र ऋण धनको फाँटवारी लिनु।

३. **राजेन्द्र कुमार यादवको मिति -२०७७।८।१० को प्रतिउत्तरपत्र;-** वादी राजेन्द्र कुमार यादव र प्रतिवादीहरु कारी देवी, पवन कुमार यादव भएको मुद्दा नं. 075-CP-2915 को अंशदर्ता मुद्दा मिति २०७६।३।२२ मा यसै धनुषा जिल्ला अदालतमा दर्ता भई मिति २०७६।४।९ गते मिलापत्र भएको छ। उक्त मिलापत्र अनुसार हामी छुट्टी अलग अलग रहेका छौं। वादीको पति-पिता पवन कुमार यादवले निजको आफ्नो अंश भागको जग्गा बिक्री समेत गरिसकेको छ।

४. **वादीले पेश भएको सम्पत्ति र ऋण धनको फाँटवारी (मिति -२०७७।८।२२);-** पवन कुमार यादवको मृत्यु २०७६।८।२३ गते भएको छ। निजको अपुताली खाने हकवाला हामी वादी हौं। बण्डा हुने सम्पत्ति र ऋण धन देहाय बमोजिम रहेको छ। सो बाहेक अन्य सम्पति दबाए छपाएको छैन, दबाए छपाएको ठहरे कानून बमोजिम गरी पाउँ।

| दर्तावाला | जिल्ला | न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | मोल रु. |
|---|---|---|---|---|---|---|
| कारी देवी | धनुषा | जनकपुर | ४ | १६० | ०-१-५-० | ३७५,००,०००/- |
| कारी देवी | धनुषा | जनकपुर | ४ | ४२ | ०-०-१३-१ | १,३२,५०,०००/- |
| कारी देवी | धनुषा | हरीहरपुर | ३(क) | ५२२ | ०-२-५ | ४५,००,०००/- |
| कारी देवी | धनुषा | हरीहरपुर | ३(क) | ३७९ | ०-२-०१/२ | ४०,००,०००/- |
| कारी देवी | धनुषा | हरीहरपुर | ३(क) | ३८० | ०-१-१-० | १५,००,०००/- |
| कारी देवी | धनुषा | हरीहरपुर | ३(क) | १८३ | ०-३-११/२ | ६२,००,०००/- |
| कारी देवी | धनुषा | बेगाशिवपुर | ३(क) | ३८९ | ०-६-४ | ४२,००,०००/- |
| कारी देवी | धनुषा | बेगाशिवपुर | ३(क) | ६३६ | ०-७-१२ | १,५२,००,०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पवन कु. यादव | धनुषा | हरीहरपुर | ३(क) | ४९२ | ०-१-१०-० | ७५,००,०००/- |
| पवन कु. यादव | धनुषा | रघुनाथपुर | २(ग) | ३६५ | ०-०-१४१/२ | ५०,०००/- |
| पवन कु. यादव | धनुषा | रघुनाथपुर | २(ग) | ३६७ | ०-०-६१/२ | २,२५००/- |
| पवन कु. यादव | धनुषा | रघुनाथपुर | २(ग) | ३६९ | ०-०-२१/२ | ८,०००/- |
| पवन कु. यादव | धनुषा | रघुनाथपुर | २(ग) | ३६३ | ०-०-५-० | १७,५००/- |
| राजेन्द्र कु.यादव | धनुषा | नगराईन | ९(ख) | २९६ | ०-२-३ | ५०,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरिहरपुर | ३(क) | ८२८ | ०-१-१-५ | १२,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरिहरपुर | ३(क) | ४०१ | ०-३-१०-५ | २३,००,०००/- |
| धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका, वडा नं. ४ मा कारी देबिको नाममा रहेको घर | | | | | | |
| धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका, वडा नं. ४ मा मानेश्वर यादबको नाममा रहेको कि.नं. १५ मा रहेको घर | | | | | | |

५. **प्रतिवादी राजेन्द्र कुमार यादवले मिति -२०७७।८।२८ मा पेश भएको सम्पत्ति र ऋण धनको फाँटवारी;-** मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दा भएको मिलापत्र बमोजिम अंशबण्डा भईसकेकोले म प्रतिवादीको नाममा रहेको देहायको जग्गा बण्डा लाग्ने होईन।

| **दर्तावाला** | **जिल्ला** | **न.पा.** | **वार्ड नं.** | **कि. नं.** | **क्षेत्रफल** | **मोल रु.** |
|---|---|---|---|---|---|---|
| राजेन्द्र कु.यादव | धनुषा | जनकपुर | ४ | १६० | ०-१-५-० | ५०,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | जनकपुर | ४ | ४२ | ०-०-१३-१ | २,५०,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरीहरपुर | ३(क) | ५२२ | ०-२-५ | २,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरीहरपुर | ३(क) | ३८० | ०-१-१-० | १,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरीहरपुर | ३(क) | १८३ | ०-३-११/२ | २,५०,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | बेगाशिवपुर | ३(क) | ३८९ | ०-६-४ | ४,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | बेगाशिवपुर | ३(क) | ६३६ | ०-७-१२ | ४,२५,,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरीहरपुर | ३(क) | ३७६ | ०-०-१/२ | ७,७५,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | नगराईन | ९(ख) | २९६ | ०-२-३ | ७५,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरिहरपुर | ३(क) | ८२८ | ०-१-१-५ | १,००,०००/- |
| राजेन्द्र कु.यादव | धनुषा | हरिहरपुर | ३(क) | ४०१ | ०-३-१०-५ | २,५०,०००/- |

६. **नपुग अदालती शुल्क पछि दाखिल गर्ने मिति -२०७९।१२।७ को आदेश;-**यसमा वादीको निवेदन माग बमोजिम अदालती शुल्क मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ६५ (१)(ख) बमोजिम नपुग अदालती शुल्क प्रस्तुत मुद्दा फैसला भई कार्वान्वयन हुने समयमा दाखिल गर्ने गरी अनुमति प्रदान गरिएको।

७. **प्रतिवादी कारी देवीको प्रतिउत्तरपत्र नपरेको-** प्रतिवादी कारी देवीको नाउँमा जारी भएको इतलायनामा म्याद निज आफैले हातैमा बुझि तामेल भएकोमा सो म्यादभित्र प्रतिउत्तर नफिराई शुरु म्याद गुजारी बसेको।

८. **प्रमाण मिसिल तथा कागजातहरुः-** प्रस्तुत मुद्दामा देहाय बमोजिमको मिसिल कागजातहरु प्रमाणमा पेश हुन आएको देखिन्छ।

- वादी राजेन्द्र कुमार यादव र प्रतिवादीहरु कारी देवी, पवन कुमार यादव भएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०७६।४।९ गते भएको मिलापत्र सहितको सक्कल मिसिल।
- मालपोत कार्यालय, धनुषाबाट मिति २०७६।४।२१ गते निर्णय भएको मि.नं.२८।०७६-०७७ को दाखिल खारेज गर्ने सम्बन्धी निर्णय सहितको सक्कल मिसिल।
- पवन कुमार यादवको मृत्यु २०७६।८।२३ मा भएको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- कारी देबीको मृत्यु २०७८।४।१५ मा भएको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी।

९. **सुरु अदालतको फैसलाः-** मिलापत्रमा बण्डा नभएका र मानेश्वर यादब समेतको नाममा भई दर्ता हुन बाँकी रहेको तथा अन्य अबण्डा जग्गा सम्पत्तिहरू रहे भए कानून बमोजिम दर्ता भएका बखत तथा फेला पारेका बखत कानूनबमोजिम वादीहरुले आफ्नो अंश अपुतालीको भाग पाउने नै हुदाँ प्रस्तुत मुद्दामा थप बिबेचना गरी रहनु परेन।प्रतिवादी पवन कुमार यादवको मृत्यु भई सकेकोले निजको नाममा जग्गाधनी दर्ता श्रेस्ता रहेको सम्पत्ति र ऋण धनको फाँटवारीमा उल्लेख भएको कि.नं.३६५, ३६७, ३६९, ३६३ र ४९२ को जग्गा सम्पत्ति वादीहरुले अंश पाउने देखियो। लगाउको मुद्दाको फैसलामा लिएका आधार कारणबाट प्रस्तुत मुद्दामा सम्पत्ति र ऋण धनको फाँटबारी बिबरणमा उल्लेखित दर्ता श्रेस्तामा भिडेसम्मको कि.नं. ३६५, ३६७, ३६९, ३६३ र ४९२ को जग्गा सम्पत्ति वादीहरुले अंश पाउने ठहर्छ भन्ने सुरु अदालतको फैसला।

१०. **वादीहरुको पुनरावेदनपत्रः-** मुल पुरुष मानेश्वर यादव र निजको श्रीमती कारी देवीबाट १ छोरी सोना देवी र २ छोराहरु पवन कुमार यादव र राजेन्द्र कुमार यादवको जायजन्म भएको छ। मानेश्वर यादवको मृत्यु भईसकेको छ। सोना देवीको पहिला नै विवाह भई सकेको छ। पवन कुमार यादवसँग म वादी रेनु कुमारी देवीको विवाह भई हाम्रो दाम्पत्य जिवनबाट २ छोरीहरु सुस्मिता यादव र ईशा यादव १ छोरा आयुष पवन यादवको जन्म भएको छ। मुल अंशियारहरु कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादव रहेकोमा पवन कुमार यादवको अंश भागबाट अंश पाउँने हामी वादीहरु रहेकोले निजहरुउपर मुद्दा नं.२०७६-Cp-१०२३ को अंश दर्ता मुद्दा मिति २०७६।८।९ मा दायर गरी कारवाहीको अवस्था रहेको छ। उक्त अंश दर्ता मुद्दा दायर गरेपछि मिति २०७६।८।२३ गते पवन कुमार यादवको पनि मृत्यु भईसकेको छ ।मुद्दा नं.०७५-Cp-२९१५ को अंश दर्ता मुद्दामा मिलापत्र भएको कुरा मिति २०७७।८।२६ मा नक्कल लिई थाहा पाएको हो। उक्त मिलापत्रमा राजेन्द्र कुमार यादव र कारी देवीको अंश भागमा पनि लाखौं पर्ने जग्गा भागमा करोडौं मुल्य पारेको तर पवन कुमार यादवको अंश भागमा भने कम असल कमला नदी लागेको जग्गा अंश भागमा लिए दिएको छ। पवन कुमार यादवको अंश भागमा १० कित्ता जग्गा अंश वापत छुट्टाएको र अन्य २ जनाको नाममा १३ कित्ता जग्गाहरु अंश वापत छुट्टाएको देखिन्छ।पवन कुमार यादवको १० कित्ता जग्गाहरुबाट केही जग्गाहरु निजले आफ्नो सासु वादी देनु देवीको आमा रामकाशी देवी यादवलाई राजिनामा गरी विक्री गरी

दिएको हो।प्रतिवादी राजेन्द्र कुमार यादवले अंश पाएको बेंगाशिवपुर गा.वि.स कि.नं.३८९ र ६३६ जग्गाको हालको प्रचलित मुल्या प्रति कठ्ठा १ करोडका दरले खरिद विक्री हुने जग्गा हो हाम्रो पति तथा पिताले अंश लिएको भनिएको जग्गा जि.ध.रघुनाथपुर गा वि स वडा नं.२ग कि.नं.७३, कि.नं.१०२,१४५,१५५ र कि.नं.२०४ को जग्गा घुघरी देवी यादवनी, जो हामी पुनरावेदकहरुको हजुरआमा तथा पवन कुमार यादवको सासुले आफ्नो घरमा अंशियारसँग किचलो हुँदा आफ्नो जग्गा बचाउँनका लागि २०५८।१।२७ मा र.नं.१४९१८ बाट हालै देखिको बकसपत्रबाट प्राप्त जग्गा र म पुनरावेदकको पिता तथा पवन कुमार यादवको ससुरा नाताका जगदीश प्रसाद कुसियतले जिल्ला धनुषा, रघुनाथपुर गा.वि.स वडा नं. २ग कि.नं.३१, २०८, २१०, २१२, २१४, ३९३ को जग्गा आमा बुबाको घर परिवार बीच विवाद भएकोले मिति २०५७।१२।९ मा र.नं. ११९८१ बाट आफ्ना नाउँमा आएको जग्गा अंश वापत पाएको भनि मिलापत्र उल्लेख गरी सोही जग्गा आफुले आफ्नो सासु, ससुराको सम्पत्ति फिर्ता गरी दिएको लेखत प्रमाणबाट आफ्नो पैतृक जग्गा नभै सासु, ससुराको नामबाट आएको जग्गा भै सो जग्गा आफुले अंश लिएको भनि देखाई सो जग्गा जसको हो। प्रतिवादी कारी देवीले मिलापत्रबाट अंश पाएको कि.नं.४९२ को जग्गा कारी देवीका नाउँमा दा.खा.दर्ता नभएको अंश मुद्दामा पेस भएको फाँटवारी समेतलाई विचार गर्दा राजेन्द्र कुमार यादवले अंश वापत सम्पत्ति बढी नै लिएको देखिदा सो जग्गा वादीहरुले अंश पाउने न्यायोचित नभएकोले सुरु जिल्ला अदालतबाट भएको फैसला बदर गरी इन्साफ प्रदान गरी उल्टी गरी पाउँ भन्ने वादीहरुको पुनरावेदनपत्र।

११. यस **अदालतको आदेशः**- यसमा यसै लगाउका ०८०-DP-०००९ को मिलापत्र बदर मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी रहेको देखिएकोले प्रस्तुत मुद्दामा समेत छलफल निम्ति मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी झिकाई हाजिर भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०८०।१२।१८ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीहरुको तर्फबाट उपस्थित बरिष्ठ अधिवक्ताहरू विनोदकुमार शर्मा, धर्मेन्द्र शर्मा र चन्द्रकुमार शर्माले वादीहरू प्रतिवादी पवनकुमार यादवको श्रीमती तथा छोराछोरी भई वादीहरूलाई प्रतिवादीहरूले खान लाउन नदिई घरबाट निकाला समेत गरेकोले वादीहरूले प्रतिवादीबाट फिराद दावीबमोजिम अंश पाउनु पर्छ। कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादवको एकापसको मिलोमतोबाट मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा वादीहरूको अंशहक मार्नका लागि पवन कुमार यादवको अंश भागमा कम सम्पत्ति पारी मिति २०७६।४।९ मा भएको मिलापत्र मुलुकी देवानी संहिता, २०७५ को दफा २०५ र २०६ को विपरीत रहेको छ। पवनकुमार यादवले यी वादीहरूलाई अंशमा प्रतिकूल असर पार्न न्यायोचित रूपमा आफ्नो अंश भाग बुझेका छैनन। उक्त मिलापत्रमा समान अंशियार बिच बराबर सम्पत्ति अंशबण्डा गरेको छैन। मूल

अंशियारले तल्ला अंशियारको सहमति नलिई अन्य अंशियारभन्दा धेरै नै कम अंश लिन मिल्दैन। पवन कुमार यादवको अंश भागमा कम सम्पति लिई मिलापत्र गर्दा वादीहरुको मंजुरी लिएको अवस्था पनि छैन। वादीहरूको जीवन यापनको आधार पनि सोही जग्गा र पैत्रिक सम्पत्ति हुँदा वादीहरूको अंश जस्तो नैसर्गिक हकलाई प्रतिकूल असर पर्ने गरी अति कम सम्पत्ति मात्र लिएर मिलापत्र गर्न पाइदैन। अरूको अंशलाई कसैले हरण गर्न सक्दैन। यस्तो सन्तुलित र न्यायोचित रूपमा नभएको अंशको मिलापत्र बदर हुने भनी सर्वोच्च अदालतबाट धेरै मुद्दामा न्यायिक सिद्धान्त समेत प्रतिपादन भएको छ। उक्त मिलापत्र कानूनले व्यवस्था गरेको समानताको सिद्धान्त विपरीत भएकोले उक्त कार्य दुषित र जालसाजीपूर्ण हुँदा स्वतः वदर हुने हुँदा सुरू फैसला नमिलेकोले उल्टि गरी हाल वादीहरूको पति पिता प्रतिवादी पवनकुमार यादव र अर्का प्रतिवादी कारी देवीको मृत्यु भैसकेकोले मिति २०७६।४।९को मिलापत्र वदर गरी सम्पूर्ण सम्पत्तिबाट दुई भागको एक भाग अंश वादीहरूले पाउनु पर्छ हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१३. प्रत्यर्थी प्रतिवादीहरूका तर्फबाट उपस्थित वरिष्ठ विद्धान अधिवक्ताद्वय श्याम कुमार मिश्र र देवेन्द्र ठाकुर निरालाले राजेन्द्रकुमार यादवले दिएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा राजेन्द्र कुमार यादव, कारी देवी र पवन कुमार यादवको बिचमा अंश लिने दिने गरी मिति २०७६।४।९ मा भएको मिलापत्र कानून बमोजिम भएको छ। वादीहरूको पति पिता प्रतिवादी पवन कुमार यादवको अंश भागमा १० कित्ता ससिम जग्गा परेको छ। पवन कुमार यादवको अंश भागमा उक्त जग्गाहरु मध्ये केही जग्गाहरु वादी रेनु कुमारी देवीको आमा अर्थात पवन कुमार यादवको सासु रामकाशी देबि यादवनीलाई पटक पटक राजिनामा गरी लाखौको जग्गा बिक्रि गरी सकेको छ र वाँकी जग्गा पवन कुमार यादवको नाममा नै रहेको छ। बाँकी सिराहा जिल्लाको कल्याणपुर र गौतारीको कतिपय जग्गाहरू पवनकुमार यादवले मिलापत्रमा उल्लेख नगरी निजकै नाउँमा रहेका छन्। मिति २०७६।४।९को मिलापत्रबमोजिम पवनकुमार यादवको भागमा परेको जग्गाबाट नै वादीहरुले अंश पाउने नै हो, अब राजेन्द्रकुमार यादवबाट अंश पाउने होइन। पवन कुमार यादवको नाममा रहेको जग्गाबाट वादीहरुले अंश पाउने हुँदा सुरू फैसला सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१४. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा सुरु अदालतको फैसला मिलेको छ छैन? वादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१५. निर्णयतर्फ विचार गर्दा, मुल पुरुष मानेश्वर यादव र निजको पत्नी कारी देवीबाट १ छोरी सोना देवी र २ छोराहरु पवन कुमार यादव र राजेन्द्र कुमार यादवको जायजन्म भएकोमा मानेश्वर यादवको मृत्यु भई सकेको छ। सोना देवीको पहिला नै बिबाह भई सकेको छ। पवन कुमार यादवसँग म वादी रेनु कुमारी देवीको बिबाह भई हाम्रो दाम्पत्य जीवनबाट २ छोरीहरु सुस्मिता यादव र ईशा यादव, १ छोरा आयुष पवन यादवको जन्म भएको छ। हामी वादी प्रतिवादीहरु बिच अंशबण्डा भएको छैन, सगोलमा नै बस्दै आएका छौ। हामी वादीलाई प्रतिवादीहरुले ईज्जत अनुसार खान लाउन नदिई कुटपिट गरी घरबाट निकाला

गरेकोले आफन्तको शरणमा बस्दै आएकाले मुलुकी देवानी सँहिता २०७४ को दफा २०६,२०९ र २११ बमोजिम तायदाती फाँटवारी माग गरी सम्पुर्ण सम्पतिबाट पति पिताको ३ भागको १ भाग लगाई उक्त १ भागबाट ५ भागको ४ भाग हामी वादीहरुको अंश भाग कायम गरी दर्ता गरी पाउँ भन्ने फिरादपत्र रहेको देखियो। वादीहरुले आफ्नो अंश अपुतालीको भाग पाउने नै हुदाँ प्रस्तुत मुद्दामा थप बिबेचना गरी रहनु परेन। लगाउको मुद्दाको फैसलामा लिएका आधार कारणबाट प्रस्तुत मुद्दामा प्रतिवादी पवन कुमार यादवको मृत्यु भई सकेकोले निजको नाममा जग्गाधनी दर्ता श्रेस्ता रहेको सम्पत्ति र ऋण धनको फाँटवारीमा उल्लेख भएको कि.नं.३६५, ३६७, ३६९, ३६३ र ४९२ को जग्गाबाट वादीहरुले अंश पाउने ठहरी सुरू धनुषा जिल्ला अदालतबाट फैसला भएकोमा उक्त फैसलामा चित्त नबुझाई वादीहरुको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।वादीहरूको पुनरावेदनपत्रमा मुख्यतः निम्न बिषयको जिकिर लिएको देखियोः

- मुलुकी देवानी संहिता, २०७४ को दफा २०५, २०६, २१५ (२) र २१६ बमोजिम अंशियारहरू विच वरावर, समान र न्यायोचित अंश लिनुपर्नेमा अघिल्लो पुस्ताको आफ्नो पिता पतिले आफूहरूले मञ्जुरी विना कम र कमसल अंश लिएकोले धनुषा जिल्ला अदालतको फैसला उक्त कानूनी व्यवस्था विपरीत रहेको,
- मूल अंशियारहरू विच मिति २०७६।४।९ भएको मिलापत्र मुलुकी देवानी संहिता, २०७४ को दफा २०५, २०६, २१५ (२) र २१६, अंशसम्बन्धी अवधारणा र यस सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत भै वादीहरूको जन्मसिद्ध र नैसर्गिक अधिकारमा असर परेको,
- प्रतिवादी राजेन्द्रकुमार यादवको अंशभागमा जनकपुरको शहरी ईलाकाको जम्मा रू ८५,४४,८७५। वरावरको बहुमूल्य सम्पत्ति राखिएको, कारीदेवीको अंश भागमा जम्मा रू १,१२,५००। वराबरको सम्पत्ति र हाम्रो पिता पति पवनकुमार यादवको अंश भागमा जम्मा रू २६,६५,९५०।बराबरको बगर र कमसल सम्पत्ति राखिएकोले सो बण्डा न्यायोचित छैन,
- २०७६।४।९ को मिलापत्रमा प्रतिवादी राजेन्द्रकुमार यादवको अंशभागमा जनकपुरको बहुमूल्य जग्गा राखिएको,
- कारीदेवीले अंशमा पाएको हरिहरपुर ३(क) किनं ४९२ को जग्गा वादीलाई अंशवापत थप गर्दा न्यायोचित हुने भनिएकोमा सो जग्गा कारीदेवीको नाममा दर्ता नभएको ।

१६. मुल पुरुष मानेश्वर यादव र निजको पत्नी कारी देवी भई निजहरूको २ छोराहरुमा पवन कुमार यादव र राजेन्द्र कुमार यादव भएकोमा विवाद देखिएन। पवनकुमार यादवको श्रीमती वादी रेनु कुमारी देवी, छोरीहरु सुस्मिता यादव र ईशा यादव, छोरा आयुष पवन यादव रहेकोमा पनि विवाद देखिएन। मानेश्वर यादवको मृत्यु भएपछि कारीदेवी, पवनकुमार यादव र राजेन्द्रकुमार यादव एकासगोलमा रहे बसेको अवस्थामा आमा कारी देवी र दाजु पवनकुमार यादवलाई प्रतिवादी बनाई राजेन्द्रकुमार यादवले सुरू धनुषा जिल्ला अदालतमा दिएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा अंश लिनेदिने गरी मिति

२०७६।४।९ मा दुवै पक्ष विच मिलापत्र भएकोमा पनि विवाद देखिएन। अघिल्लो पुस्ताकी कारी देवी, पवन कुमार यादव र राजेन्द्र कुमार यादव विच भएको उक्त मिलापत्र प्रचलित कानून, अंशबण्डासम्बन्धी मान्यता अनुरूप नभई न्यायोचित, सन्तुलित नभएकोले वदर गरी पाउँ भनी यस मुद्दाका वादीहरूले दिएको लगाउको ०८०-DP-०००९ को मिलापत्र वदर मुद्दामा उक्त मिलापत्र वदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको देखियो।

१७. उक्त मिलापत्र बदर मुद्दामा भएको फैसलाबाट प्रतिवादी राजेन्द्रकुमार यादव र वादीहरू एकासगोलको अंशियार रहे भएको मान्नु पर्ने देखियो। हाल मूल अंशियार कारीदेवी तथा वादीहरुको पति पिता पवनकुमार यादवको मृत्यु भैसकेको भन्ने देखिदा अब राजेन्द्रकुमार यादव र पवनकुमार यादवको अंश हकको सम्पत्तिमा निजको श्रीमती वादी रेनुकुमारी देवी समेतको हक हुने भई २ जना मूल अंशियार मात्र रहे भएको देखियो। मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ र २०६ बमोजिम प्रतिवादी राजेन्द्रकुमार यादव र वादी रेनुकुमारी देवीले सगोलको सम्पत्तिबाट वरावर अंश पाउने देखियो। यसर्थ अब सगोलको सम्पत्तिलाई जम्मा दुई भाग लाग्ने भई एक भाग सम्पत्ति वादीहरूले पाउने देखियो। लगाउको ०८०-DP-०००९ को अंश मिलापत्र बदर मुद्दामा आजै यसै इजलासबाट मिति २०७६।४।९ को मिलापत्र बदर भएको देखियो। वादीहरुले उक्त मिलापत्रमा उल्लिखित सम्पुर्ण सम्पत्तिको २ भागको एक भाग अंश पाउने देखियो। यस आधारमा उक्त मिति २०७६।४।९ को मिलापत्रबाट वादीहरूले पवनकुमार यादवको अंश भागमा परेको सम्पत्तिबाट मात्र अंश पाउने सुरू फैसला मिलेको नदेखिदा सो हदसम्म सुरु फैसला उल्टि भई वादीहरूको फिराद तथा पुनरावेदन जिकिरबमोजिम उक्त मिति २०७६।४।९ को मिलापत्रमा उल्लिखित संपूर्ण सम्पत्तिबाट वादीहरूले नरम गरम मिलाई दर्ता स्रेस्ता भिडेसम्मको सम्पत्तिबाट दुई भागको एक भाग अंश पाउने देखियो।

१८. तसर्थ, माथि विवेचित आधार कारण समेतबाट राजेन्द्र कुमार यादवले कारी देवी यादव समेतउपर दायर गरेको ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा उक्त प्रतिवादी पवन कुमार यादवले मिति २०७६।०४।०९ को मिलापत्रबाट लिएको अंश मुलुकी देवानी संहिता,२०७४ को दफा २०५, २०६ अनुरुप समान अवस्थाको अंशियार राजेन्द्र कुमार यादव सरह समान अंश नलिएको र यस मुद्दाका वादीहरुको मन्जुरी लिएको समेत नदेखिदा उक्त मिति २०७६।४।९ को मिलापत्र मुलुकी देवानी संहिता, २०७४ को दफा २१५ समेतको विपरित देखिदा उक्त मिलापत्र बदर नहुने सुर धनुषा जिल्ला अदालतको मिति २०८०।०२।२४ को फैसला मिलेको नदेखिदा उल्टी भई फिराद दावी बमोजिम उक्त मिति २०७६।०४।०९ को मिलापत्र बदर हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम सुरू फैसला उल्टि भई मिति २०७६।४।९ को मिलापत्र र सो आधारमा भएको मालपोत कार्यालयको निर्णय समेत वदर हुने ठहरेकोले सुरू फैसलाले राखेको लगत कट्टा गरी यो फैसलाबमोजिम लगत राखी फैसला कार्यान्वयन गर्नु भनी धनुषा जिल्ला अदालतमा लेखी पठाउनू...............................१
- सुरू फैसला उल्टी हुने ठहरेकोले वादीले सुरूमा राखेको अदालती शुल्क रू १०००।

र यस अदालतमा पुनरावेदन गर्दा राखेको रू १५०।समेत प्रतिवादीबाट वादीहरूलाई कुनै दस्तुर नलिई भराइ दिनु भनी सुरूमा लगत दिनू........................................२

- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू............................३
- फैसलाको प्रतिलिपि साथै राखी सुरु मिसिल धनुषा जिल्ला अदालतमा फिर्ता पठाइदिनू...................................................................................................४
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.....................................................................५

(श्रीकान्त पौडेल)

**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(खेम राज भट्ट

**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने***

इजलास अधिकृतः- सुनिल कुमार चौहान

टाइप गर्ने ः- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल पौष महिना २८  गते रोज १ शुभम् ................................।

प्रमाणीकरंण मितिः- २०८१।१०।        न्यायाधीश          अदालतको छाप